# कार्यपालिका ४२औं बैठक

मितिः२०७६ असोज ५

**छलफलका विषयहरु**

१ रिपोर्टिङ्ग तथा प्रगति
२ दहत्तर बहत्तर (ढुङ्गा गिट्टी बालुवा) कर संकलन
३ योजना सञ्चालन
४ नगर दररेट
५ मेशिनरी प्रयोग
६ बजार अनुगमन
७ घरभाडा दररेट समिति
८ स्वास्थ्य चौकी भवन निर्माण
९ विविध

**निर्णयहरु**

१. नगर प्रमुख कृष्ण प्र. पौडेल र निमित्त प्रमुख प्रशासकीय अधिकृत श्री शिवजीप्रसादबाट कार्यालय तथा वडाहरुमा दैनिक कामको सन्दर्भमा भए गरेका कामहरुको वारेमा बैठकलाई जानकारी गराइयो ।

२. यस उपमहानगरपालिका अन्तर्गत रहेका खोलाहरुबाट दहत्तर बहत्तर (गिट्टी बालुवा ढुङ्गा) सङ्कलन ठेक्का प्रक्रिया अघि बढाउन प्रारम्भिक वातावरणीय परिक्षण (IEE) कार्य भई रहेको हुनाले सो कार्य सम्पन्न भए पश्चात कानून बमोजिम उत्खनन् संकलन गर्ने व्यवस्था गर्ने निर्णय गरियो ।

३. कार्यतालिका बमोजिम योजना कार्यान्वयन प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

४. नगर दररेटका सन्दर्भमा मिति २०७६ श्रावण २ गतेको जिल्ला दररेट समितिको बैठकले तोकेको दररेटलाई कायम गर्ने निर्णय गरियो ।

५. उपभोक्ता समिति मार्फत सम्पन्न गरिने विकास निर्माणका कार्यहरुमा साधारणतयाः ठुला मेशिन औजार प्रयोग गर्ने व्यवस्था नभएतापनि आवश्यकता र औचित्यताको आधारमा आ· व· २०७४।०७५ र आ· व· २०७५।०७६ मा प्रयोग गरिएको ठुला मेशिनको लगत समर्थन गर्ने निर्णय गरियो ।

६. चाडपर्वलाई मध्यनजर गर्दै उपप्रमुखको नेतृत्वमा बजार अनुगमन कार्यलाई प्रभावकारी रुपमा अघि बढाउने निर्णय गरियो ।

Scanned by CamScanner

७. सार्वजनिक खरिद नियमावली २०७६ को दफा १०४ बमोजिम वडा कार्यालयहरु र अन्य प्रयोजनका लागि भाडामा लिनुपर्ने घरकोठाहरुको भाडादर तय गर्नका लागि तपसिल बमोजिम समिति गठन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री कृष्ण प्रसाद पौडेल | अध्यक्ष |
| प्रमुख प्रशासकीय अधिकृत | श्री शिवराज सेढाई | सदस्य |
| अध्यक्षले तोकेको कार्यपालिका सदस्य | श्री हिराबहादुर गुरुङ्ग | सदस्य |
| प्रमुख, प्राविधिक शाखा | श्री रामनरेश यादव | सदस्य |
| घरजग्गा भाडामा लिने महाशाखा प्रमुख | श्री झपेन्द्रराज खरेल | सदस्य |
| आर्थिक प्रशासन महाशाखा प्रमुख | श्री पवन यादव अधिकारी | सदस्य |

८. वडा नम्बर ११, १३, १४, १६ र २० को प्रस्तावित आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माणका लागि नपुग रकम चालु आ.व.०७६/०७७ को समपुरक कोष शिर्षकबाट व्यवस्था गर्ने गरी ठेक्का प्रकृया टुङ्याई यथाशिघ्र निर्माण कार्य अघि बढाउने निर्णय गरियो ।

९. आ.व.०७४/७५ को स्वीकृत योजना अनुसार यस उपमहानगरपालिका वडा नं.५/७ मा निर्माण गर्न प्रस्ताव गरीएको २०० शैयाको अस्पताल निर्माणस्थल घेर्ने पर्खाल लगाउने कार्य सम्पन्न गरी सुमन निर्माण सेवा, कलैया, बारा फर्मले भुक्तानी माग गरेको तर सुरु सम्झौता र कार्यादेश पश्चात कार्यस्थलमा उपयुक्त कार्यवातावरण (Site Clearance) निर्माण हुन नसकेको, तत्कालिन कार्यालय प्रमुखको सरुवा भएको तर कार्यालयको सम्बन्धित प्राविधिकको नियमित निरिक्षणमा कार्यसम्पादन भई सम्पन्न भइसकेको अवस्थामा सामाजिक परिक्षण, सर्जमिन मुचुल्का, सम्बन्धित वडाको सिफारिशलाई आधार बनाई निर्माण कार्यको मुल्याङ्कनका आधारमा सुमन निर्माण सेवा लाई भुक्तानी दिने।

९. विविधः

क) वडा नम्बर २१ र २२ बीच प्रस्तावित झोलुङ्गेपुलको IEE गर्ने , वडा नं.५, बकुलिया, जीतपुरमा प्रस्तावित २ सय शैयाको अस्पताल र सिमरा प्राथमिक स्वास्थ्य केन्द्रको भौतिक पुर्वाधार विस्तारका लागि विस्तृत परियोजना प्रस्ताव निर्माण प्रक्रिया अघि बढाउने निर्णय गरियो । सिमरास्थित प्राथमिक स्वास्थ्य केन्द्रको पुनर्निर्माण भइरहेको अवस्थालाई मध्यनजर गर्दै भुक्तानी हुन बाँकी रकम भुक्तानीको व्यवस्था मिलाउने निर्णय गरियो ।

ख) फोहर संकलनका लागि आह्वान गरिएको प्राविधिक तथा आर्थिक प्रस्तावको सूचना बारे बैठकलाई जानकारी गराइयो ।

ग) वडादशैं, दिपावली तथा छठ पर्व २०७६ लगायत अन्य पर्वहरुको अवसरमा सम्पूर्ण नगरबासीमा हार्दिक मङ्गलमय शुभकामना दिने प्रस्ताव पारीत गरियो ।

Scanned by CamScanner